# पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६

**प्रस्तावनाः** बीमकले गर्ने पुनर्बीमा व्यवसाय सम्बन्धमा व्यवसायीक बजारको स्थापना एवं नेपालमा पुनर्बीमा व्यवसायको विकास तथा नियमन गर्न बाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी समितिद्वारा देहायको निर्देशिका जारी गरिएको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "**पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६**" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**ऐन**" भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ।

(ख) "**ऐच्छिक पुनर्बीमा**" भन्नाले बीमकले धारण गर्ने प्रत्येक बीमालेख वा जोखिममा पुनर्बीमकको स्वीकृति बमोजिम त्यस्तो बीमालेख वा जोखिम सम्बन्धमा गरिने पुनर्बीमा सम्झनुपर्छ।

(ग) **"कभर नोट"** भन्नालेपुनर्बीमा करारको शर्त तथा व्यवस्थाहरू उल्लेख गरिएको, स्वदेशी बीमकद्वारापुनर्बीमा व्यवसाय गर्दा वा पुनर्बीमक वा अधिकार प्राप्त पुनर्बीमा दलालद्वारा जारी गरिएको लिखित दस्तावेज सम्झनुपर्छ।

(घ) "**खुद धारण**" भन्नाले बीमकले ग्रहण गरेको कुनै एक बीमा जोखिममध्ये त्यस्तो जोखिम वा एक घटनामा उत्पन्न हुने दायित्व अन्तर्गत आफुले व्यहोर्ने भनी पुनर्बीमा करारमा निर्धारित जोखिमको अंश वा प्रति घट्ना उत्पन्न हुने दायित्वको अंश बराबरको अधिकतम रकम सम्झनुपर्छ।

(ङ) "**नियमावली**" भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ।

(च) ''**पुनर्बीमक**'' भन्नाले बीमकले धारण गर्ने जोखिमको अंश भन्दा बढी अंशको पुनः बीमा गर्ने बीमक सम्झनुपर्छ।

(छ) ''**पुनर्बीमित**'' भन्नाले आफूले बीमक वा पुनर्बीमकबाट स्वीकार गरेको पुनर्बीमा जोखिमको अर्को पुनर्बीमकसंग रेट्रोसेशन गरी पुनर्बीमा गराउने बीमक वा पुनर्बीमकलाई सम्झनुपर्छ।

(ज) "**पुनर्बीमा सम्झौता**" भन्नाले बीमक तथा पुनर्बीमक बीच निश्चित शर्तहरू तोकी निश्चित अवधिको लागि शुरूमा नै तय गरिएको सीमा भित्रको पुनर्बीमा सम्झौता सम्झनुपर्छ।

(झ) "**पुनर्बीमा दलाल**"भन्नाले जोखिमको पुनर्बीमा व्यवस्था गर्ने/मिलान गर्ने बीमक वा पुनर्बीमक र पुनर्बीमक वीचको कार्य गर्ने मध्यस्थकर्ता समेत सम्झनुपर्छ।

(ञ) "**पुनर्बीमा स्लीप**"भन्नाले पुनर्बीमाको लागि प्रस्तावित जोखिम एवं शर्त तथा व्यवस्थाहरूको संक्षिप्त विवरण उल्लेख भएको र सो पुनर्बीमकलाई मान्य भई सोमा आ-आफ्नो हिस्साको प्रतिशत खुलाई हस्ताक्षर गरिएको दस्तावेज सम्झनुपर्छ।

(ट) ''**बीमक**'' भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ।

(ठ) ''**बीमित**''भन्नाले आफुले धारण गरेको दायित्वको बीमा गराउने व्यक्ति वा संस्था सम्झनुपर्छ र सो शब्दले पुनर्बीमा करारमा आफ्नो दायित्वको जोखिमको अंश हस्तान्तरण गर्ने बीमकलाई समेत जनाउँछ।

(ड) "**सामुहिक बीमा पुल**"भन्नाले कुनै खास प्रकृतिको जोखिम वा बीमा सम्बन्धमा बीमकहरू मिलि एउटै बीमालेख जारी गर्ने, एक स्थानमा बीमा शुल्क जम्मा गर्ने, पुनर्बीमा व्यवस्था गर्ने र दावी भुक्तानी व्यवस्था गर्न स्थापना भएका वा हुने कुनै नामको सामुहिक बीमा कोष सम्झनुपर्छ।

(ढ) **"महाविपत्ति पुनर्बीमा"**भन्नाले कुनै एकल घट्नाबाट सिर्जित भई व्यापक रूपमा असर पार्ने विनाशकारी क्षति जस्तैः महामारी, भुकम्प, सुनामी, आंधी, हावाहुरी जस्ता प्राकृतिक प्रकोपबाट हुने क्षतिको रक्षावरणका लागि गरिने पुनर्बीमा सम्झनुपर्छ।

(ण) ''**समिति**'' भन्नाले बीमा ऐन, २०४९ को दफा ३ बमोजिम गठित बीमा समिति सम्झनुपर्छ।

(त) ''**सेशन**'' भन्नाले कुनै बीमकले बीमितबाट स्वीकार गरेको जोखिम मध्ये आफुले धारण गर्ने जोखिमको हिस्सा भन्दा बढीपुनर्बीमकमा सार्ने जोखिमको हिस्सा सम्झनुपर्छ।

(थ) "**रेट्रोसेशन**"भन्नाले पुनर्बीमकले ग्रहण गरेको जोखिममा त्यस्तो पुनर्बीमकले आफ्नो खुद धारण राखी बाँकी अंशको अन्य पुनर्बीमकसंग गरेको पुनर्बीमाको प्रकृयालाई सम्झनुपर्छ।

(द) "**सिडिङ्ग कम्पनी**"भन्नाले आफुले जारी गरेको बीमालेख अन्तर्गतको दायित्व पुनर्बीमा कम्पनीमा हस्तान्तरण गर्ने बीमक वा शुरू बीमक सम्झनुपर्छ।

## परिच्छेद-२
## पुनर्बीमा व्यवसाय सम्बन्धी व्यवस्था

३. **पुनर्बीमा व्यवसायः**-(१) बीमा ऐन, २०४९ बमोजिम स्थापित पुनर्बीमकले नेपाल भित्र जारी भएका बीमालेखबाट सृजित दायित्वको अंश व्योहोर्ने गरी पुनर्बीमा व्यवसाय गर्ने तथा आफुले पुनर्बीमा व्यवस्था अन्तर्गत ग्रहण गरेको दायित्वको पुनः पुनर्बीमा (रेट्रोसेशन) गराउनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित व्यवसायको अतिरिक्त पुनर्बीमकले विदेशी बीमकले विदेशी मुलुकमा जारी गरेका बीमालेख अन्तर्गतको दायित्वको पुनर्बीमा ग्रहण गर्न तथा विदेशी पुनर्बीमकले पुनर्बीमा व्यवसाय अन्तर्गत ग्रहण गरेको दायित्व व्यहोर्ने गरी विदेशी बीमक तथा पुनर्बीमकबाट दायित्व ग्रहणगर्न सक्नेछ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि पुनर्बीमकले नेपाल भित्र जारी हुने बीमालेख अन्तर्गत उत्पन्न हुने दायित्वसमितिले निर्धारण गरे बमोजिमको प्रत्यक्षबीमाको हिस्सा (Direct Session) लिन सक्नेछ।

(४) पुनर्बीमकले नेपाल भित्र जारी हुने बीमालेखमा सदस्य बीमकहरूको संयुक्त दायित्वको पुनर्बीमा तथा दावी भुक्तानीको व्यवस्था मिलाउन स्थापित सामूहिक बीमा कोष (Insurance Pool) तथा त्यस्तै अन्य कोषहरूको व्यवस्थापन गर्न सक्नेछ।

(५) पुनर्बीमकले राष्ट्रको जोखिम व्यवस्थापन सम्बन्धमा देशको रेटिङ्ग (Country Rating)तयार गर्ने बारे सम्बन्धित निकायसंग समन्वय गर्नु पर्नेछ।

४. **पुनर्बीमकले व्यवस्था गर्नु पर्नेः** (१) पुनर्बीमकले आफ्नो खुद सम्पति (Networth)को आधारमा बीमाको प्रकार (पोर्टफोलियो) अनुसार पुनर्बीमा धारण सम्बन्धी व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम धारण सम्बन्धी व्यवस्था गरी बाँकी रहेको रट्रोशेसन (Retrocession)वा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) वा दुवै माध्यमबाट पुनर्बीमाको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रेट्रोशेसन गर्दा रेट्रोशेसन लिने पुनर्बीमकको खुद सम्पति (Networth)ख्याती, क्षमता एवं क्रेडिट रेटिङ स्तरको आधारमा गर्नु पर्नेछ।

(४) पुनर्बीमकले विदेशी पुनर्बीमकसँग रेट्रोशेसन पुनर्बीमा सम्झौता गर्दा अगुवा पुनर्बीमकको हकमा अन्तराष्ट्रिय मान्यता प्राप्त एजेन्सीहरूद्वारा कम्तिमा क वर्गको (A- Rating)मूल्याङकन भएको पुनर्बीमक छनौट गर्नु पर्नेछ र अन्य पुनर्बीमकको हकमा कम्तिमा ख वर्गको (B+ Rating)मूल्याङ्कन भएको पुनर्बीमक हुनु पर्नेछ।

(५) पुनर्बीमकले पुनर्बीमाको व्यवस्था गर्दा पुनर्बीमा अण्डरराइटिङ्ग तथा पुनर्बीमा दावी सम्बन्धी प्रक्रियागत व्यवस्थालाई अन्तर्राष्ट्रियबीमा नियमनकारी निकायको मापदण्ड अनुरूपको गुणस्तर कायम गरी व्यवस्था गर्नु पर्नेछ।

(६) यस निर्देशिकामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि बीमकहरूले नेपाल भित्र जारी गरेको बीमालेख अन्तर्गत निज बीमकहरू बीच एक आपसमा दायित्व व्यहोर्ने सम्बन्धमा गरिएका सह बीमा (Coinsurance) तथा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance)गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिने छेन।

(७) पुनर्बीमा व्यवसाय सम्बन्धी अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ।

परिच्छेद -३

## पुनर्बीमा सम्बन्धी प्रकृयागत व्यवस्था

५. **पुनर्बीमा प्रक्रियाः**-(१) पुनर्बीमकलेपुनर्बीमा सम्बन्धी व्यवस्था गर्दा बीमालेख जारी गर्ने बीमकको मुल दायित्व रहने र त्यस्तो दायित्व वापत पुनर्बीमकबाट सोधभर्ना लिने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(२) पुनर्बीमकले धारण गर्ने जोखिम सम्बन्धमा आफुले धारण गरी बाँकी रहेको जोखिमको बाह्य पुनर्बीमकसँग पुनर्बीमा गर्नु पर्नेछ।

(३) पुनर्बीमकले आफ्नो खुद सम्पति (Net worth)लाई पूर्णरूपले जोखिमोन्मुख (Expose) हुन नदिई क्रमशः आफ्नो खुद धारण क्षमता (Retention Capacity)बृद्धि गर्दै जानु पर्नेछ।

(४) नेतृत्व लिने अगुवा पुनर्बीमकले तय गरेका शर्त(Leading Term) मा बीमकहरूबाट पुनर्बीमा सम्झौता(Reinsurance Treaty) वा ऐच्छिकपुनर्बीमा (Facultative Reinsurance) मा हिस्सा लिने नीति अपनाउनु पर्नेछ।

(५) पुनर्बीमा सम्झौता (Reinsurance Treaty) वा ऐच्छिक पुनर्बीमा (Facultative Reinsurance) र प्रत्यक्षहिस्सामा सहभागी हुँदा दोहोरो जोखिम पर्ने र जोखिम एकत्रित हुने (Duplication र Accumulation) अवस्थालाई समेत ख्याल राखी जोखिमोन्मुख (Risk Exposure) कम गर्न जोखिम मूल्याङ्कन गरी पुनर्बीमा लिने र सोको रेट्रोशेसन गर्ने नीति अवलम्बन गर्नु पर्नेछ।

(६) पुनर्बीमकले विदेशी बीमक तथा पुनर्बीमकबाट पुनर्बीमा ग्रहण गर्दा सम्बन्धित बीमक वा पुनर्बीमकको ख्याती, उक्त देशको भौगलिक अवस्थिति, वातावरणीय तथा जोखिम उन्मुखता (Exposure)र सम्बन्धित बीमक पुनर्बीमकहरूको विगतको अनुभव, तथ्याङ्क तथा अन्य आवश्यक कुराको मूल्याङकन गरी जोखिम ग्रहण गर्ने पद्दतिको विकास गर्नु पर्नेछ।

(७) पुनर्बीमकले पुनर्बीमा व्यवसायको माध्यमबाट राष्ट्रले बहन गर्ने अधिकतम जोखिम व्यवस्थापन गर्न महाविपत्ति व्यवस्थापन खाका (Catastrophic Modeling) तयार गर्नु पर्नेछ।

(८) पुनर्बीमकले देशमा हुने प्रकोपजन्य जोखिमको पहिचान गरी पुनर्बीमा क्षेत्रको लागि सूचक तयार गर्ने र प्रकोप व्यवस्थापनसंग सम्बन्धित विषयमा बिदेशी बीमा नियमनकारी निकाय मार्फत समन्वय गर्ने व्यवस्था गर्नु पर्नेछ।

(९) पुनर्बीमकले सोझै बीमितसँग कुनै सम्झौता गर्न तथा बीमकले पुनर्बीमा करारको आधारमा दायित्व भुक्तानी नगरी कुनै पनि किसिमले प्रतिरक्षा गर्न पाउने छैन।

तर, कुनै खास प्रकृतिको जोखिमव्यवसायको सम्बन्धमा वा खास परिस्थितिमा बीमितले पुनर्बीमकको प्रत्याभूति खोजेमा वा पुनर्बीमकबाटै भुक्तानी गर्ने व्यवस्था गर्न चाहेमा सोही बमोजिम गर्न अन्तर्राष्ट्रिय प्रचलन अनुरूप पुनर्बीमा व्यवस्थामा Cut Through Clause राख्नु पर्ने भएमा पुनर्बीमा गर्नु अघि समितिबाट स्वीकृति लिनु पर्नेछ।

(१०) पुनर्बीमकले बीमकको ठूला ठूला पुनर्बीमा दावीहरूमा आवश्यकता अनुसार दावी सहकार्य खण्ड (Claims Co-operation Clause)वादावी नियन्त्रण खण्ड(Claims Control Clause)को व्यवस्था गर्न सक्ने छ।

(११) पुनर्बीमाको प्रक्रिया सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद -४

## पुनर्बीमा दलाल सम्बन्धी व्यवस्था

६. **पुनर्बीमा गर्न सकिनेः-** (१) पुनर्बीमकले पुनर्बीमा व्यवसाय गर्दा आफै वा पुनर्बीमा दलाल (Reinsurance Broker) मार्फत गर्न सक्नेछ।

(२) पुनर्बीमकले पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गराउँदा समितिबाट पुनर्बीमा दलालको लागि तयार पारिएको रोष्टरको अधिनमा रहि पुनर्बीमा व्यवसाय गर्नु पर्नेछ। तर, समितिबाट रोष्टर तयार गर्नु अघि मान्यता प्राप्त पुनर्बीमा दलाल मार्फत पुनर्बीमा व्यवसाय सञ्चालन गर्न सकिनेछ।

(३) पुनर्बीमकले उपदफा (२) बमोजिमको रोष्टरमा उल्लेख भएका दलालको पूँजी, ख्याती, क्षमता र अनुभवलाई समेत मध्य नजर राखी पुनर्बीमा दलाल छनौट गर्नु पर्नेछ।

(४) पुनर्बीमकले आफूले छनौट गरेको पुनर्बीमा दलालको पेशागत दायित्व बीमा(Professional IndemnityPolicy) को अद्यावधिक प्रतिलिपि लिनु पर्नेछ।

(५) पुनर्बीमा दलाल सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

परिच्छेद-५

## लेखा प्रणाली सम्बन्धी व्यवस्था

७. **लेखा सम्बन्धी व्यवस्थाः-** (१) पुनर्बीमकलेआफ्नो लेखा र हिसाब किताबको श्रेस्ता समितिले तोकिदिए बमोजिम राख्नुपर्नेछ।

(२) पुनर्बीमकले उपदफा (१) बमोजिमको आफ्नो हिसाब किताबको लागि अन्तर्राष्ट्रिय स्तरको लेखा प्रणालीको अवलम्बन गर्नु पर्नेछ।

(३) पुनर्बीमकले पुनर्बीमा व्यवसाय प्रारम्भ गरेको मिति देखि प्रत्येक अवधिमा आफ्नो सहभागिता रहेको प्रत्यक्ष बीमाको हिस्सा, पुनर्बीमा व्यवसायबाट प्राप्त हुने रकम तथा अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम समेतको छुट्टाछुट्टै आय व्यय हिसाबको अभिलेख गरी सो को एक प्रति समितिमा पेश गर्नु पर्नेछ।

८. **बीमाङ्कीय मूल्यांकन सम्बन्धी व्यवस्थाः-** (१) पुनर्बीमकले प्रत्येक आर्थिक वर्षमा आफ्नो सम्पत्ति तथा दायित्वको बीमाङ्की(Actuary)द्वारा बीमाङ्कीय मूल्याङ्कन (Actuarial Valuation)गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बीमाङ्कीय मूल्याङ्कन (Actuarial Valuation)बाट प्राप्त प्रतिवेदन समितिमा पेश गर्नुपर्नेछ।

९. **वित्तीय विवरणसम्बन्धी व्यवस्थाः**-(१) पुनर्बीमकलेआफ्नो सम्पूर्ण कारोबारको वित्तीय विवरण समितिले तोकिदिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वित्तीय विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ (६) महिना भित्र लेखापरिक्षण गराई सोको एक प्रति समितिमा पेश गर्नु पर्नेछ।

१०. **लगानी सम्बन्धी व्यवस्थाः**-पुनर्बीमकले लगानी गर्दा समितिबाट जारी “बीमकको लगानी निर्देशिका, २०७५” बमोजिम हुने गरी लगानीको व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद -६

## विविध

११. **सुशासन सम्बन्धी व्यवस्थाः**-पुनर्बीमकको सुशासन सम्बन्धी व्यवस्था समितिबाट जारी “बीमकको संस्थागत सुशासन सम्बन्धी व्यवस्था, २०७५” बमोजिम हुनेछ।

१२. **संगठन संरचनाः**-(१)पुनर्बीमकको संगठन संरचनाको लागि आवश्यकता अनुसार मापदण्ड निर्धारण गर्ने र उक्त संगठन संरचनालाई अद्यावधिक गर्दै लैजानु पर्नेछ।

१३. **तालिम सम्बन्धी व्यवस्थाः**- (१) पुनर्बीमकले बिदेशी पुनर्बीमक वा पुनर्बीमक दलालको प्राविधिक परामर्श, व्यवस्थापन र बजार सेवाको उपयोग गरी दक्ष जनशक्तिको विकास गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका दक्ष जनशक्तिका लागि बिशेष तालिमको व्यवस्था गर्नु पर्नेछ।

(३) पुनर्बीमक मार्फत पुनर्बीमा व्यवसाय गरे वापत बीमकहरूलाई प्राविधिक सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१४.**सफ्टवेयर सम्बन्धी व्यवस्था**:- पुनर्बीमा व्यवसायको तथ्याङ्क सहि तरिकाबाट व्यवस्थापन गर्नका लागि पुनर्बीमकमा अन्तर्राष्ट्रिय स्तरको वेवमा आधारित रियल टाईम सफ्टवेयर जडान गर्नु पर्नेछ।

१५.**प्रचार प्रसार**:-(१) पुनर्बीमकले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान कायम गर्न ब्राण्डिंग तथा प्रचार प्रसार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रचार प्रसारका लागि पुनर्बीमा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन लगायतका कार्यक्रम आयोजना, प्रयोजन तथा समन्वय गर्नु पर्नेछ।

१६.**समितिमा पेश गर्नु पर्ने**:- (१) पुनर्बीमकलेदेहायका कुराहरू समितिमा पेश गर्नु पर्नेछः

(क) प्रत्येक वर्ष पुनर्बीमा व्यवसाय अन्तर्गत आफुले ग्रहण गर्ने जोखिम सम्बन्धी नीति,

(ख) पुनर्बीमा सम्झौता, रेट्रोसेशन र ऐच्छिक पुनर्बीमासम्झौताको प्रतिलिपि,

(ग) प्रत्येक पुनर्बीमा सम्झौता गर्नु अघि पुनर्बीमकको धारण तथा पुनर्बीमा व्यवस्था ।

१७.**व्याख्या गर्ने अधिकार**:- यस निर्देशिकाको प्रयोगमा कुनै दुविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

१८.**खारेजी र बचाउ**:- (१) पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७१ खारेज गरिएको छ।

(२) पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७१ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

***